# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।१४ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी रंजित कुमार यादवसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

**प्रतिवादी स्वर्गीय बालविर ठाकुरको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूर र ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूर गरेको देखिएतापनि निजको मृत्यु भइसकेकोले निज उपर कसूरमा सजायको मागदाबी गर्न परेन तर मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेको हुँदा निजको अंशीयार पलवी ठाकुर,, छोरा रौनित ठाकुर र छोरी रिहा ठाकुर अंशियार देखिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,०३,१९०।२० असुल उपर गर्ने प्रयोजनको लागि मात्र मागदाबी लिइएको,

**प्रतिवादीहरु रंजित कुमार यादव र रंजित कूमर**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,०३,१९०।२० कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन र ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) कसूरमा ऐ.ऐ. को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन,

**प्रतिवादी देवेन्द्र प्रसाद यादव**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (३) बमोजिम बिगो रू.१,०३,१९०।२० कायम गरी कैद वा बिगो बमोजिम जरिवाना वा दुवै सजाय हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।११।०६ को फैसलाबाट निम्न आधारमा सफाई दिएको-:

- प्रतिवादीहरूले कसूर गरेकोमा इन्कार गरी बयान गरेको र दुई बर्ष अगाडी सम्पन्न भएको कच्ची ग्राभेलिङ दुई बर्षसम्म शुरू अवस्थाको जस्तै रहन्छ भनी अनुमान गर्न नमिल्ने।
- जम्मा तीनलाख रुपैया भित्रको बजेटमा एकलाख रूपैया घोटला गरी ७ जना प्रतिवादीहरूले मिलि भगतमा बाँडी लिई खाए होलान भनी अनुमान गर्न नसकिने।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१४ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- जिल्ला धनुषा सबैला न.पा. को आ.ब. ०७७/०७८ मा सबैला न.पा. वडा नं. ५ स्थित मखान टोलबाट बिनोद यादबको घर देखि रितताल यादवको घर हुदै भुल्ला कापरको घरसम्म माटो तथा ग्राभेल कार्य सम्बन्धी योजनामा प्राबिधिक टोलीले गरेको प्राबिधिक मूल्याङकन सहितको नापी किताव र कार्यसम्पन्न प्रतिबेदन अनुसार रु २,९१,६८७।९५ रकम बराबरको कार्य भएकोमा अग्रिम आयकर कट्टी,कन्टिनजेन्सी कट्टी र मूल्य अभिबृद्धि कर कट्टी गरी बाँकी रू २,५५,२६३।- रकम राहुल निर्माण सेवालाई खुद भुक्तानी गरिएको देखिएको।प्रतिबादीहरूले मौकामा र सम्मानित अदालतमा बयान गर्दा आरोपपत्रमा उल्लेखित आ-आफ्नो भुमिकामा रहेको कुरामा इन्कार गरेको देखिदैन।प्रतिबादी मध्येका ईन्जिनियर रंजित कुमार यादव र सब ईन्जिनियर रंजित कूमरले फिल्डमा कम परिमाणको कामलाई बढी काम भएको नापी किताव तयार गरी

मुल्याङकन गरेको तथा ठेक्का बिल र कार्य सम्पन्न प्रतिबेदन समेत गलत लिखत तयार गरी भुक्तानीको लागी सिफारिस गरेको। प्रतिबादी वडा अध्यक्ष देवेन्द्र प्रसाद यादवले भुक्तानी सिफारिस गरेको र ठेकदार राहुल निर्माण सेवा, तत्कालीन प्रोपाईटर पुरूषोत्तम दास यादवले बढी भुक्तानी लिएको र प्रमुख प्रशासकिय अधिकृत बालबिर ठाकुरले समेत प्राबिधिकबाट पेस हुन आएको नापी किताबलाई आधार मानी भुक्तानी लागी स्वीकृत गरेको देखिएको। प्रतिवादीहरुको इन्कारी वयान सम्बन्धमा Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको अवस्थामा प्रतिवादीहरु अदालतमा आफू माथिको आरोप मागदावीमा इन्कारी रहदैमा अन्य प्रमाणको रोहमा निर्णय नगरी निजहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण रहेको।

- नापी कितावमा लम्बाई २०९ मिटर, चौडाई ४ मिटर र मोटाई ०.३७ मिटरमा माटो फिलिङ कार्यको परिणाम उल्लेख गरिएकोमा फिल्डमा १६६ मिटर लम्बाई, ३ मिटर चौडाई माटो फिलिङ कार्य भएको र प्राबिधिक फिल्ड प्रतिबेदन अनुसार नापी कितावमा उल्लेखित परिणामसँग तुलना गर्दा item no -१ E\win Filling कार्य अन्तर्गत १२१.०६ घनमिटर परिमाण कम भई रू २६,३३३.३० फरक रहेको र नापी कितावमा २०९ मीटर लम्बाई, ४ मिटर चौडाई र ८.१५ मिटर मोटाईको ग्राभेल कार्य उल्लेख गरिएकोमा फिल्डमा १६६ मिटर लम्बाई र ३ मिटर चौडाईको बालुवा मिस्रित ग्राभेलको कार्य गरिएको र मोटाई ०.१३ देखि ०.१४ मिटर रहेकोमा नापी कितावमा उल्लेख गरिएको मोटाईलाई आधार मानी परिमाण निकाली नापी कितावमा उल्लेखित परिमाणसंग तुलना गर्दा Item no २ Losse Gravel work कार्य अन्तर्गत ५०.७० घनमिटर परिमाण कम भई रू ७६,५५७.०० कैफियत रहेको भन्ने प्रतिबेदनमा देखिएको। प्रतिवेदकले आयोगमा प्रतिवेदन दिई अदालतमा समेत उपस्थित भई प्रतिवेदनको व्यहोरा समर्थन हुने गरी बकपत्र समेत गरिसकेको अवस्थामा उक्त प्रतिबेदनलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी फैसला गर्नु पर्नेमा नाप नक्शा गरेको परिमाण र फिल्डमा भएको कार्यको फरकपनलाई अनदेखा गरी ईन्कारी बयानलाई मात्र आधार गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | रंजित कुमार यादव, रंजित कूमर, देवेन्द्र प्रसाद यादव, पुरूषोत्तम दास यादव, बालबिर ठाकुर, पलवी ठाकुर (बिगो भराउने प्रयोजन रौनित ठाकुर (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००७४ र फैसला मिति २०८०/११/०६) | सडक निर्माणमा झुटा बिल भर्पाई बनाई भुक्तानी समेत दिई\लिई भ्रष्टाचार गरेको | प्रतिवादी स्वर्गीय बालविर ठाकुरको हकमाः भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूर र ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूर गरेको देखिएतापनि निजको मिति २०७९।०४।२४ मा मृत्यु भएको भनी मिसिल संलग्न मिति २०७९।०५।०८ को मृत्यु दर्ता प्रमाणपत्रबाट पुष्टि भएकोले निज उपर कसूरमा सजायको मागदाबी गर्न परेन तर मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेको हुँदा जलेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०७९।०९।०६, च.नं. ११३२ को पत्रानुसार निजको अंशीयार पलवी ठाकुर (पत्नी, ना.प्र.नं. १८-०१-७१-०४१७९), उर्मीला कुमारी (पत्नी, मिति २०६८।१२।२५ मा मृत्यु भइसकेको, मिति २०७०।०३।११, च.नं. १७९ को मृत्यु दर्ता प्रमाणपत्र), रौनित ठाकुर (छोरा, ना.प्र.नं. १८-०१-७१-०२६६२) र रिहा ठाकुर (छोरी, मिति २०७६।०८।२५ को जन्म दर्ता | **फैसलाः**<br>प्रतिवादीहरूले आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) प्रतिबादीहरूले कसूर गरेकोमा इन्कार गरी बयान गरेको र दुई बर्ष अगाडी सम्पन्न भएको कच्ची ग्राभेलिङ दुई बर्षसम्म शुरू अवस्थाको जस्तै रहन्छ भनी अनुमान गर्न नमिल्ने ।<br>ख) जम्मा तीनलाख रुपैया भित्रको बजेटमा एकलाख रूपैया घोटला गरी ७ जना प्रतिबादीहरूले मिलि भगतमा बाँडी लिई खाए होलान भनी अनुमान गर्न नसकिने । | **उल्लिखित आधारहरु लिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको।**<br>क) जिल्ला धनुषा सबैला न.पा. को आ.ब. ०७७/०७८ मा सबैला न.पा. वडा नं. ५ स्थित मखान टोलबाट बिनोद यादबको घर देखि रितताल यादवको घर हुदै भुल्ला कापरको घरसम्म माटो तथा ग्राभेल कार्य सम्बन्धी योजनाको लागी रू ३,००,०००।— बिनियोजित रहेको र उक्त योजनाको लागत अनुमान रू २,९९,९८९.१९ (भ्याट र कन्टिजेन्सी सहीत ) रहेको देखिन्छ । उक्त योजना राहुल निर्माण सेवा जनकपुर उपमहानगरपालिका वडा नं. १ ले सबै भन्दा कम दररेट पेश गरेकोले उक्त कम्पनि सँग सम्झौता भएको देखिन्छ ।उक्त योजनाको मुख्य संरचना निर्माणमा Earth filling work र Graveling रहेको उक्त योजनाको २०७७/०९/२६ मा सम्झौता भई २०७८/०२/२६ मा कार्यसम्मन्न गर्ने गरी २०७७\०९\२७ मा कार्यदेश दिएको देखिन्छ ।उक्त योजनामा प्राबिधिक टोलीले गरेको प्राबिधिक मूल्याङकन सहितको नापी किताव र कार्यसम्पन्न प्रतिबेदन अनुसार रू २,९१,६८७।९५रकम बराबरको कार्य भएकोमा अग्रिम आयकर कट्टी,कन्टिनजेन्सी कट्टी र मूल्य अभिबृद्धि कर कट्टी गरी बाँकी रू २,५५,२६३।—रकम राहुल निर्माण सेवालाई खुद भुक्तानी गरिएको देखिन्छ ।प्रतिबादीहरूले मौकामा र सम्मानित अदालतमा बयान गर्दा आरोपपत्रमा उल्लेखित आ-आफ्नो भुमिकामा रहेको कुरामा इन्कार गरेको देखिदैन ।प्रतिबादी मध्येका ईन्जिनियर रंजित कुमार यादव र सब ईन्जिनियर रंजित कूमरले फिल्डमा कम परिमाणको कामलाई बढी काम भएको नापी किताव तयार गरी मुल्याङकन गरेको तथा ठेक्का बिल र कार्य सम्पन्न प्रतिबेदन समेत गलत लिखत तयार गरी मूल्यांकन गरेको तथा ठेक्का बिल र कार्य सम्पन्न प्रतिबेदन समेत गलत लिखत तयार गरी भुक्तानीको लागी सिफारिस गरेको। प्रतिबादी मध्येका वडा अध्यक्ष देवेन्द्र प्रसाद यादवले भुक्तानी सिफारिस गरी सरकारी रकम हिनामिना गर्ने कार्यमा संलग्न रहेको र कम परिमाणको कार्य गरी बढि मूल्याङकन गराई सोही अनुसार नगरपालिकाबाट बढी भुक्तानी लिई ठेकदार राहुल निर्माण सेवा तत्कालिन प्रोपाईटर पुरूषोत्तम दास यादवले सरकारी रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रमाणपत्र अनुसार मिति २०७२।०१।०७ मा जन्म भएको) अंशियार देखिएको हुँदा बालविर ठाकुरले जीवित अवस्थामा माथि उल्लेखित कसूर गरी प्राप्त गरेको बिगो निजका अंशियारहरूबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१,०३,१९०।२० असुल उपर गर्ने प्रयोजनको लागि मात्र बाल बालविर ठाकुरको हक खाने अंशियारहरू पलवी ठाकुर, रौनित ठाकुर र रिहा ठाकुरबाट उक्त बिगो असुल उपर हुन तर्फ मात्र मागदाबी लिईएको।<br>प्रतिबादीहरू रंजित कुमार यादव र रंजित कूमरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम बिगो रू.१,०३,१९०।२० कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन र ऐ. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) कसूरमा ऐ.ऐ. को दफा १९ को उपदफा (२) बमोजिम प्रतिवादी रंजित कुमार यादव र रंजित कूमरलाई कैद र जरिवाना हुन समेत मागदाबी लिइएको।<br>प्रतिबादी देवेन्द्र प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (३) बमोजिम बिगो रू.१,०३,१९०।२० कायम गरी कैद वा | | हिनामिना गरेको र प्रमुख प्रशासकिय अधिकृत बालबिर ठाकुरले समेत प्राबिधिकबाट पेस हुन आएको नापी किताबलाई आधार मानी भुक्तानी लागी स्वीकृत गरेको भन्ने देखिन्छ । यसरी प्रतिवादीहरुको इन्कारी वयान सम्बन्धमा Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको अवस्थामा प्रतिवादीहरु अदालतमा आफू माथिको आरोप मागदावीमा इन्कारी रहदैमा अन्य प्रमाणको रोहमा निर्णय नगरी निजहरुलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण देखिएको।<br>ख) अख्तियार अनुसन्धान आयोगको कार्यालय बर्दिबासको मिति २०७६\०६\१३ को लेखा अधिकृत मनोज कुमार सुनुवार,सव ईन्जिनियर कामेश्वर चौधरी समेतले दिएको प्राबिधिक फिल्ड प्रतिबेदनमा योजनामा उल्लेखित सबैला नगरपालिका वडा नं. ५ स्थित मखान टोलमा बिनोद यादवको घरदेखि रितलाल यादवको गर हुदै भुल्ला यादवको घरसम्म माटो तथा ग्राभेल कार्य नापी कितावमा लम्बाई २०९ मिटर चौडाई ४ मिटर र मोटाई ०.३७ मिटरमा माटो फिलिङ कार्यको परिणाम उल्लेख गरिएकोमा फिल्डमा १६६ मिटर लम्बाई ३ मिटर चौडाई माटो फिलिङ कार्य भएको र नापी कितावमा उल्लेखित परिणामसंग तुलना गर्दा item no -1 E\win Filling कार्य अन्तर्गत १२१.०६ घनमिटर परिमाण कम भई रू २६,३३३.३० फरक रहेको र नापी किताव मा २०९ मीटर लम्बाई ४ मिटर चौडाई ८.१५ मिटर मोटाईमा ग्राभेल कार्यको उल्लेख गरिएकोमा फिल्डमा १६६ मिटर लम्बाई र ३ मिटर चौडाईको बालुवा मिस्रित ग्राभेलको कार्य गरिएको र मोटाई ०.१३ देखि ०.१४ मिटर रहेकोमा नापी किताबको उल्लेख गरिएको मोटाईलाई आधार मानी परिमाण निकाली नापी किताबमा उल्लेखित परिमाणसंग तुलना गर्दा Item no 2 Losse Gravel work कार्य अन्तर्गत ५०.७० घनमिटर परिमाण कम भई रू ७६,५५७.०० गरी जम्मा रू १,०३,१९०।- कैफियत रहेको भन्ने प्रतिबेदन दिएको देखिन्छ । यसरी आयोगको प्राबिधिक टोली लेखा अधिकृत मनोज कुमार सुनुवार र सवईज्जिनियर कामेश्वर चौधरीले आयोगमा प्रतिबेदन दिई अदालतमा समेत उपस्थित भई प्रतिबेदनको व्यहोरा समर्थन हुने गरी बकपत्र समेत गरिसकेको अवस्थामा प्रतिबेदकले दिएको प्रतिबेदनलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी फैसला गर्नु पर्नेमा नाप नक्शा गरेको परिमाण र फिल्डमा भएको कार्यको फरकपनलाई अनदेखा गरी प्रतिबादीहरूको ईन्कारी बयानलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिगो बमोजिम जरिवाना वा दुवै सजाय हुन समेत मागदाबी लिईएको। | | मात्र आधार गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।<br>ग) सम्मानित अदालतबाट फैसला गर्दा एकातिर सडक नाँपजाँच सम्म केही परिमाण फरक परेको भनी परिमाण फरक परेको तथ्यलाई स्वीकार गरेको छ भने अर्को तर्फ बास्तबिक प्रमाणलाई बेवास्ता गरी अनुमानको आधारमा फैसला गरेको अवस्था छ ।अदालतबाट फैसला हुँदा जम्मा जम्मी ३ लाखको बजेटमा करीव करीव एकलाख रूपैया घोटला गरी ७ जना प्रतिबादीहरूले मिलि भगतमा बाँडी खाए होलान भनी अनुमान गर्न नसकिने भनी लिएको आधार नै अनुमानको आधारमा गरिएको अवस्था छ । प्रस्तुत मुद्दाको प्रतिबादी नै जम्मा ५ जना रहेको र दुई जना प्रतिबादी बिगो असुल उपर गराउने प्रयोजनको लागी मात्र प्रतिबादी बनाएको हुँदा प्रस्तुत मुद्दामा कति जना प्रतिबादीहरू रहेका छन निज प्रतिबादीहरूको प्रस्तुत मुद्दामा के कस्तो भुमिका रहेको छ भन्ने प्रतिबादीको समेत एकिन नगरी हचुवाको भरमा ७ जना प्रतिबादीले मिलि भगत खाए होलान भनी अनुमान गर्न नसकिने भनी गरेको फैसला प्रथम दृष्टिमा नै बदरभागी रहेको छ ।भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ (३) मा बजेटको आधारमा भष्ट्रचार हुने या नहुने भनी ब्यबस्था गरेको देखिदैन ।उक्त ऐनको व्यवस्था हेर्दा कुनै राष्ट्रसेवकले कुनै काम गरी सरकारी वा सार्बजनिक सम्पत्ति बदनियतपुर्वक कुनै किसिमले हानीनोक्शानी गरे गराएमा कसूर हुने भन्ने व्यवस्था रहेको छ । थोरै बिगो भएको मुद्दामा भष्ट्राचार नहुने भष्ट्राचार हुन बिगो नै ठुलो हुनु पर्ने भन्ने अदालतले गरिएको बिष्लेषण नै त्रुटिपूर्ण रहेको छ ।यसरी फैसला गर्दा थोरै रकममा भष्ट्राचार नहुने भन्ने अर्थ लगाई फैसला गर्न मिल्ने होईन । जहाँसम्म सडक ग्राभेल गर्ने कार्य सम्पन्न भएको लामो अबधी पछि भएको सडक नाँपजाँच गर्दा केही परिमाणमा फरक पर्न सक्ने भन्ने अदालतको ठहर खण्डमा लिएको आधार छ सडकको लामो समयसम्म नाँपजाच गर्दा चौडाई मोटाईमा केही फरक पर्न सक्छ तर लम्बाईमा कुनै किसिमको असर पर्ने अवस्था हुदैन । धेरै बर्ष पछि बाटो छोटो हुने पनि होईन सबै बाटो भत्काएर लैजाने पनि हुदैन पहिरो तथा अन्य प्राकृतिक बिपत्तिले बाहेक अन्य अवस्थामा बाटोको लम्बाईमा फरक पर्न सक्ने अवस्था समेत रहदैन । प्रतिबादीहरूले बाटो प्राकृतिक बिपत्तिले गर्दा बाटो भत्केको बिग्रेको भन्ने जिकिर समेत लिन नसकेको अवस्थामा केबल दुई बर्ष पछि नापजाँच गर्दा फरक पर्न जान सक्ने भनी अनुमानको आधारमा आत्मबिबेचना गरी प्रतिबादीहरूलाई सफाई दिई भएको फैसला त्रुटिपूर्ण रहेको। |